नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

थापाथली, काठमाडौं

(खरिद इकाई)

Website:
https://nsonepal.gov.np
E-mail: info@nsonepal.gov.np
फोन नं.: ५,३४५९,४६

प.सं:२०८२/८३

च.नं.:

पुराना फर्निचर, इलेक्ट्रोनिक्स, मेशिनरी आदि जिन्सी सामानहरुको लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

(सूचना प्रकाशित मितिः २०८३/०३/२२।)

यस कार्यालयमा रहेका पुराना फर्निचर, इलेक्ट्रोनिक्स, मेशिनरी आदि जिन्सी सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति/फर्महरुले निम्न लिखित शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम मिति २०८३/०३/२९ गते कार्यालय समयभित्र लिखित निवेदन दिई खरिद गर्न सकिने छ ।

२. बोलपत्र दस्तुर निम्न लिखित बैकमा बुझाई सो को सक्कल भौचर बोलपत्र फाराम खरिदका लागि पेश गरेको निवेदनसाथ् संलग्न गर्नुपर्नेछ ।

बैकको नामः राष्ट्रिय वाणिज्य बैक

कार्यालयको नामः राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली

कार्यालयको कोडः ३०१०८३५०१

कार्यालको खाता नं.: १०००१००२०००१०००

राजश्व शीर्षक नं.: १४२२९

३. मिति २०८३/०३/३० गते दिनको १२.०० बजेभित्र यस कार्यालयमा बोलपत्र फाराम दर्ता गराईसक्नु पर्ने छ । सो दिन बिदा परेमा कार्यालय खुलेको दिन दिनको १२.०० बजे भित्र दर्ता गराउन सकिने छ । बोलपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खामको बाहिर बोलपत्र दाताको नाम, ठेगाना खुलाई "राष्ट्रिय तथ्याङ्क कार्यालयको जिन्सी सामान लिलाम सम्बन्धी बोलपत्र २०८२" भनी स्पष्टसंग उल्लेख गर्नुपर्नेछ । एकपटक दर्ता भएको बोलपत्र फिर्ता वा संसोधन हुने छैन ।

४. सिलबन्दी बोलपत्रसाथ आफुले कबोल गरेको अंकको १० (दश) प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा जारी भएको विडबण्ड वा कोष तथा लेखा नियन्त्रक कार्यालयको नेपाल राष्ट्र बैक थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२०००१००२५२४ कार्यालयको कोड नं. ३०१०८३५०१ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ । विडबण्डको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० दिनसम्मको मान्य अवधि भएको हुनुपर्नेछ ।

५. बोलपत्र पेश गर्न ईच्छुक रजिष्टर्ड फर्म/कम्पनीले फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर र आय कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र ईच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि बोलपत्र फारामसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने छ ।

६. दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु सोही दिन दिनको १.०० बजे कार्यालयमा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । तर व्यक्ति वा फर्मका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र फाराम खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा ती कार्यहरु लगतै कार्यालय खुलेको दिन हुनेछ ।

७. बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले ५ (पाँच) दिन भित्र आफुले कबोल गरेको रकम बुझाई यस कार्यालयको परिसरबाट जिन्सी सामान उठाई सक्नु पर्नेछ ।

८. लिलाम गरिने जिन्सी सामानहरुको बिवरण बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराममा उल्लेख गरिएका सम्पूर्ण सामानहरुको कुल न्युनतम मूल्य रू. १,०३,३२२/- (अक्षेरुपी एक लाख तीन हजार तीन सय बाईस मात्र) कायम गरिएकाले सो रकम देखि माथि मात्र कबोल अंक लेख्न सकिनेछ ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. माथि उल्लेखित सर्तहरु बाहेक अन्य कुराहरु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम हुनेछ ।

११. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा वा जिन्सी सामानहरु हेर्नु परेमा कार्यालय खुलेको समयभित्र कार्यालयको जिन्सी फाँटमा सम्पर्क राख्न सकिनेछ ।

नोटः यस कार्यालयबाट मिति २०८३/०३/२२ गते प्रकाशित लिलाम सम्बन्धी सूचनाको बुँदा नं. ८ को न्युनतम मूल्य अक्षरमा एक लाख तीन हजार तीन सय बाईस मात्र हुनु पर्नेमा अन्यथा हुन गएकोले सच्याईएको व्यहोरा अनुरोध छ ।